# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन २२ गते २०१३ साल

### स्वास्थ्यमन्त्रालयको सूचना

३५८ स. अ. ०१३ — १९—६—०१३

स्वास्थ्य सेवा हेल्थ सर्भिसेज अफिसको एसिष्टेण्ट डाइरेक्टर डा. श्री गणेशलाल मस्केयो ०१२ साल वैशाखदेखि ६० वर्षको हदबाट रिटायर हुनुभै खाली भएको रिक्त स्थानमा ०१३।६।१६ गतेदेखि प्याथोलोजिकल डिपार्टमेण्टको सुपरिण्टेण्डेण्ट डाक्टर श्री दिनेशानन्द वैद्यलाई सरुवा बढुवा गर्ने र सो प्याथोलोजिकल डिपार्टमेण्टको सुपरिण्टेण्डेण्टको पदमा सोही मितिदेखि सोही डिपार्टमेण्टको एसिष्टेण्ट सुपरिण्टेन्डेण्ट डाक्टर श्री लक्ष्मण पौड्याल सरुवा बढुवा गर्ने गरी श्री माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट सदर भएकोले यो सूचना प्रकाश गरिएको छ।

आज्ञाले—
केशरबहादुर, के. सी.
सेक्रेटरी—स्वास्थ्यमन्त्रालय.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# स्वास्थ्यमन्त्रालयको सूचना

३५७ फु. ।०१२ २७।५।०१३

स्वास्थ्यमन्त्रालयको डे. से. श्रीगेहेन्द्रबहादुर राजभण्डारी स्वास्थ्य-संबन्धी ऐन, पब्लिक हेल्थ लेजिस्लेशनको तालिमको लागि यू. एस्. ओ. एम्. अन्तर्गत प्राप्त छात्रवृत्तिमा सरकारबाट ६ छ महिनाको लागि काजमा खटिई जानुभएकोले निजको अनुपस्थितिमा अ. से. अनन्तमणि आ. दीक्षितले कायम मुकायम डेपुटी सेक्रेटरी भै काम काज गर्ने तथा स्वास्थ्यमन्त्रालयका ख. श्री वसन्तबहादुरले कायम मुकायम असिस्टेन्ट सेक्रेटरी भै काम काज गर्नु हुने निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले—
केशरबहादुर के. सी.
सेक्रेटरी—स्वास्थ्य मन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज शर्मा.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228